कलैया उपमहानगरपालिका
उपमहानगर कार्यपालिकाको कार्यालय
कलैया, बारा
प्रदेश नं. २, नेपाल

## न्यानो झोला खरिद सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशन मिति : (२०७५/२/२४ गते)

१) यस उपमहानगरपालिकालाई आवश्यक पर्ने न्यानो झोला खरिद गर्नु पर्ने भएकोले इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउ पत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म दरभाउ पत्र यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा आर्थिक वर्ष २०७३/०७४ को कर/आय विवरण पेश गरेको प्रमाणित कागजात, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसारको दरभाउ पत्र दस्तुर रु. १,०००/– (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार दरभाउ पत्र यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) दरभाउ पत्र साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक कलैयामा रहेको धरौटी खाता नं. १२६०३०३००७१०२ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

४) दरभाउ पत्र सुचना प्रकाशित भएको १६ औं दिनको १२:०० बजे भित्र कलैया उपमहानगरपालिका कार्यालयमा दर्ता गराइ सक्नुपर्ने छ । सो दिनको २:०० बजे यस कार्यालयमा दरभाउ पत्रदाताहरुको रोहबरमा सिल बन्दि दरभाउ पत्र खोलिने छ उत्त दिन बिदा परेमा सो पछि लगतै कार्यालय खोल्ने दिन सोही समयमा कार्य हुनेछ । दरभाउ पत्र खोल्दा दरभाउ पत्रदाताहरु उपस्थित नभएमा दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

५) दरभाउ पत्र सम्बन्धी अन्य शर्तहरु दरभाउ पत्र मा उल्लेख गरे बमोजिम हुनेछन् ।

५) अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

६) दरभाउ पत्र सम्बन्धी थप जानकारीका लागी कलैया उपमहानगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| क.स. | सामान/उपकरणको नाम | दरभाउ पत्र | जमानत रकम |
|---|---|---|---|
| १ | न्यानो झोला खरिद | रु.१,०००/- | २.५% ले हुन आउने रकम |

प्रमुख प्रशासकीय अधिकृत